# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

मितिः २०८३-०६-१९

**बागमती प्रदेशका माननीय प्रदेश प्रमुखज्यू समक्ष पेस गरिएको प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको सातौं वार्षिक प्रतिवेदन २०८२/०८३ सम्बन्धी**

## <u>प्रेस विज्ञप्ति</u>

आज मिति २०८३ साल असोज १९ गते सोमबार अपरान्ह ४:०० बजे प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका अध्यक्ष श्री महेश्वर श्रेष्ठले बागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाज्यू समक्ष आयोगको सातौं वार्षिक प्रतिवेदन २०८२/०८३ पेस गर्नु भयो। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम पेस गरिएको यो वार्षिक प्रतिवेदनमा मिति २०८२ श्रावण १ गते देखि २०८३ असाढ मसान्त सम्म आयोगले सम्पादन गरेका काम कारबाहीहरू समेटिएका छन्।

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले आर्थिक वर्ष २०८२/०८३ मा योग्यता प्रणालीको संरक्षण र सुदृढ गर्दै सार्वजनिक प्रशासनलाई थप सक्षम, पारदर्शी र जनउत्तरदायी बनाउने दिशामा आफ्नो कार्यसम्पादनलाई उच्च नतिजामुखी बनाएको छ। निष्पक्षता, स्वच्छता र समावेशिताको मूल मर्मलाई आत्मसात् गर्दै आयोगले यस प्रतिवेदन अवधिमा दक्ष र प्रतिस्पर्धी जनशक्ति छनोटका लागि उल्लेखनीय कार्यहरू सम्पन्न गरेको छ।

आफ्नो संवैधानिक तथा कानुनी दायित्वको अक्षरशः पालना गर्दै, आयोगले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, पद र तहका रिक्त पदहरूमा पदपूर्तिका लागि खुला तथा आन्तरिक प्रतिस्पर्धामार्फत विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन र अन्तिम सिफारिसका कार्यहरू सफलतापूर्वक सम्पन्न गरेको छ। लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता र मापदण्डलाई नवीन प्रविधिसँग संयोजन गर्दै उपयुक्त उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने कार्यलाई थप विश्वसनीय र प्रभावकारी बनाइएको छ।

यसका अतिरिक्त, प्रतिवेदन अवधिमा आयोगको क्षेत्राधिकारभित्र पर्ने प्रशासनिक तथा कानुनी प्रकृतिका कार्यहरू समेत उत्तिकै प्राथमिकताका साथ सम्पादन गरिएको छ। जसअन्तर्गत बढुवा उजुरीहरूको तथ्यपरक छानबिन तथा निर्णय, अदालतमा दायर भएका मुद्दाहरूको प्रतिरक्षा, कर्मचारीको सेवा शर्त र सुविधाका विषयमा कानुनी राय परामर्श, विभागीय कारबाहीसम्बन्धी परामर्शका साथै नियमित अनुगमन तथा निरीक्षणका कार्यहरू सफलतापूर्वक सम्पन्न भएका छन्। आयोगले आ.व. २०८२/०८३ मा सम्पादन गरेका संक्षिप्त कार्यहरू देहाय बमोजिम रहेको छन्ः

**वार्षिक पदपूर्ति कार्यतालिका**

आ.व. २०८२/०८३ को वार्षिक पदपूर्ति कार्यतालिका मिति २०८२/०४/०१ गते देखि लागु हुने गरी आयोगको वेबसाईट मार्फत सार्वजनिक गरी सोही अनुसार पदपूर्ति प्रकृया अगाडि बढाईएको थियो ।

**विज्ञापन**

आ.व. २०८२/०८३ को अवधिमा स्थानीय तहबाट प्राप्त माग आकृति फारमका आधारमा विभिन्न सेवा, समूह, उपसमूह, पद तथा तहका कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, आन्तरिक अन्तर सेवा, अन्तरतह, खुला तथा समावेशी समूह लगायतमा प्रतिशत निर्धारण गरी जम्मा २८० पदको लागि दरखास्त माग गरियो। जसमध्ये प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्तिकोलागि २५८ र बढुवा विज्ञापनतर्फ २२ गरी जम्मा २८० पदको लागि दरखास्त आह्वान गरियो। आर्थिक बर्ष २०८२।०८३ मा प्रदेश सरकारबाट कुनै पनि सेवा, समुह, उपसमुह, पद तथा तहमा माग प्राप्त नभएकोले प्रदेश निजामती सेवातर्फ विज्ञापन प्रकाशन गरिएन ।

**दरखास्त**

प्रतिवेदन अवधिमा स्थानीय तहतर्फका विभिन्न सेवा, समूह, उपसमूह, पद तथा तहका आन्तरिक अन्तर सेवा, अन्तरतह, खुला (समावेशी समूह समेत) का प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्तिकोलागि जम्मा २८० पदको लागि दरखास्त आह्वान गरिएकोमा खुला (समावेशी समूह समेत) तर्फ नवौं तहमा २३, सातौं/आठौं तहमा १६४७, पाँचौं तहमा ३४७९२ गरी जम्मा ३६४६२ दरखास्त स्वीकृत गरियो।

**प्रश्नपत्र परिमार्जन**

आ.व. २०८२/०८३ मा तयार गरिएका ४१३ नयाँ प्रश्नपत्र सेट र आ.व. २०८१/०८२ सम्मको मौज्दात १०३० प्रश्नपत्र सेट गरी जम्मा १४४३ प्रश्नपत्र सेट मध्येबाट परिमार्जन गरी २७६ सेट प्रश्नपत्र तयार गरी प्रयोग गरियो।

**लिखित परीक्षा सञ्चालन**

आ.व. २०८२/०८३ मा सञ्चालित लिखित परीक्षाहरूमध्ये नवौं तहमा महिला २३, पुरुष ५२, सातौं तहमा महिला १९६, पुरुष ५५०, आठौं तहमा महिला १९, पुरुष ४४ र पाँचौं तहमा महिला १२०७०, पुरुष १२२७२ र अन्य १ समेत गर्दा जम्मा महिला १२३०८, पुरुष १२९१८ र अन्य १ गरी कुल जम्मा २५२२७ जना उम्मेदवारहरूको उपस्थिति रहेको थियो।

**उत्तरपुस्तिका सङ्केतीकरण तथा उत्तरपुस्तिका परीक्षण**

आ.व. २०८२/०८३ मा सञ्चालन भएका विभिन्न सेवा, समूह र तहका पदहरूको लिखित परीक्षाहरू पश्चात् प्राप्त हुन आएका जम्मा २५८४९ थान उत्तरपुस्तिकाहरूमा प्रथम तथा द्वितीय सङ्केतीकरण (Coding) गरी उत्तरपुस्तिका परीक्षणको लागि पठाईयो।यसैगरी २७६११ थान वस्तुगत परीक्षाको OMR Sheet को उत्तर खण्ड र विवरण खण्ड छुट्याइ OMR परीक्षण गरियो।

**लिखित परीक्षा नतिजा प्रकाशन**

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदहरूका लिखित परीक्षाहरू सम्पन्न भइ प्राप्त उत्तरपुस्तिकाहरू परीक्षण पश्चात् जम्मा १७९२ जना उम्मेदवारहरू लिखित परीक्षा उत्तीर्ण भइ अन्तर्वार्ताको लागि छनौट भए। जसमध्ये लिखित परीक्षाको नतिजा प्रकाशन भएका मध्ये प्राविधिक तर्फ १२३२ र अप्राविधिक तर्फ ५६० जना अन्तर्वार्ताका लागि छनौट भए।

**अन्तर्वार्ता र सिफारिस**

आ.व. २०८२/०८३ मा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूह, तह र पदहरूका सबै चरणका परीक्षा तथा अन्तर्वार्ता समेतको कुल प्राप्ताङ्कको आधारमा गत आ.व.को विज्ञापनमा सिफारिस हुन बाँकी रहेका पदहरू सहित प्रदेश सरकारतर्फ ४०८ र स्थानीय तहतर्फ ३७० गरी कुल ७७८ जना उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गरियो।

**बढुवा सिफारिस**

आ.व. २०८२/०८३ मा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, तह र पदहरूका लागि भएको बढुवा विज्ञापन/सूचना अनुसार प्रदेशतर्फ ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा ३, कार्यक्षमताको मूल्याङ्कनद्वारा ५ र स्थानीय तहका विज्ञापनहरू मध्ये ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा १, कार्यक्षमताको मूल्याङ्कनद्वारा १ गरी जम्मा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा ४ र कार्यक्षमताको मूल्याङ्कनद्वारा ६ समेत गर्दा कुल १० जना बढुवा सिफारिस गरियो।

**राजस्व तथा प्रगति सम्बन्धमा**

यस आ.व.मा आयोगले रु. ३,४८,९०,१७५(तीन करोड अठचालिस लाख नब्बे हजार एक सय पचहत्तर रुपैयाँ) राजस्व सङ्कलन गरेको छ भने खर्च रु.६,५३,०१,८५५.८८ (छ करोड त्रिपन्न लाख एक हजार आठ सय पचपन्न रुपैयाँ र अठासी पैसा) रहेको छ। जसमा चालुतर्फ ६२.६९ प्रतिशत र पुँजीगततर्फ ५२.३६ प्रतिशत गरी औसत ६२.१० प्रतिशत प्रगति भयो।

**बढुवा उजुरी सम्बन्धी**

यस अवधिमा बढुवा सिफारिस उपर १० वटा उजुरीहरू परेको थियो। सो मध्ये २ वटा उजुरी उपर बढुवा समितिको निर्णयमा पुनर्विचार हुने र ८ वटा उजुरी बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने भनी आयोगबाट निर्णय गरियो।

**राय परामर्श**

आर्थिक वर्ष २०८२/०८३ को अवधिमा यस आयोगबाट कर्मचारीको सेवा सर्त तथा अन्य विषयमा गरी दुई प्रकारका राय परामर्श प्रदान गरियो।

**विभागीय सजाय सम्बन्धी परामर्श**

प्रतिवेदन अवधिमा यस आयोगबाट विभागीय सजाय सम्बन्धमा तीन जना व्यक्ति तथा निकायबाट माग भए बमोजिमको विभागीय सजाय सम्बन्धी राय परामर्श प्रदान गरियो।

**विभिन्न अदालतहरूमा दायर भएका मुद्दाहरूको विवरण**

आ.व. २०८२/०८३ मा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशलाई विपक्षी बनाएर सम्मानित सर्वोच्च अदालत र प्रशासकीय अदालतमा ६ वटा मुद्दा दर्ता भएको थियो। जसमध्ये ३ वटा मुद्दाहरू चालु अवस्थामा रहेका छन्। १ वटा मुद्दा खारेज भएको, १ वटाको आंशिक दावी पुग्ने र १ वटाको पुनरावेदन दावी पुग्ने गरी फैसला भएको थियो।

**आयोगले सामना गर्नु परेका कठिनाइ**

१. आयोगको आफ्नै जग्गा तथा भवन नभएको कारणले निजी घरमा कार्यालय सञ्चालन भइरहेको अवस्था छ। सरकारी भवनमा कार्यालय नहुँदा कार्यालयको सुरक्षा र आयोगको कार्यगत संवेदनशीलताका सन्दर्भमा निकै समस्या परेको।

२. निजामती सेवा ऐन, २०४९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का केही प्रावधानहरूसँग प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ का कतिपय विषयहरू बाझिएका कारणले प्रदेश तथा स्थानीय तहहरूमा कार्यरत कर्मचारीहरूको बढुवा र तहवृद्धि प्रक्रियामा कठिनाइ भइरहेको।

३. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ बमोजिम लिखित परीक्षा सम्पन्न भएका प्राविधिक र अप्राविधिक छैटौं तहका कुल १३९ पदहरूको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा छैटौं तहका सम्बन्धमा भएको फरक प्रावधानका कारण लिखित परीक्षा पश्चात् सम्पादन गरिने कार्यगत चरणहरू स्थगित राख्नु परेको छ। यस विषयमा सम्मानित उच्च अदालत पाटनमा परेको रिट निवेदनका सम्बन्धमा आवश्यक कानुन बनाइ कार्यान्वयन गर्ने बेहोराको अन्तिम आदेश आएको भएतापनि कानुन संशोधनमा ढिलाइ भएकाले आयोगले काम कारबाही रोक्नु परेको र परीक्षार्थीहरूको निरन्तर गुनासो आउने गरेको।

४. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानीय तहका स्थायी पदहरू प्रदेश किताबखानामा दर्ता गरी रिक्त पदहरू पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्न सकिने व्यवस्था भए तापनि सबै स्थानीय तहहरूका स्थायी पदहरू हालसम्म प्रदेश किताबखानामा दर्ता हुन नसक्दा दरबन्दीहरू यकिन गर्न कठिनाइ भएको।

५. २०८२ भाद्र २४ गतेको Gen-Z आन्दोलनका कारण आयोगले प्रयोग गर्दै आएको चारपाङ्ग्रे सवारी साधन, कार्यालय भवन, कम्प्युटरहरू, फर्निचरहरू, एलुमिनियम पार्टिसन लगायतका अधिकांश भौतिक सामाग्री क्षति भएको कारण आयोगको नियमित कामकारबाहीमा कठिनाई भइरहेकोले यस विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ।

**(संजीव न्यौपाने)**
**प्रवक्ता**